Expect great things.

Pittsburgh Public Schools

# COVID-19 सँगको सम्पर्कलाई सीमित गर्दै यातायात बसका प्रोटोकलहरू

***परिवार तथा विद्यार्थीहरू लक्षणहरूका बारेमा सतर्क रहनैपर्छ। यदि विद्यार्थीले फ्लु जस्तै लक्षणहरू अनुभव गरिरहेको भएमा, घरको कुनै पनि सदस्यले फ्लु जस्तै लक्षणहरू अनुभव गरिरहेको भएमा वा COVID को पोजिटिभ केसको रूपमा पुष्टि भएमा विद्यार्थीहरू अनिवार्य रूपमा घरमै बस्नुपर्छ र यातायात सेवा प्रयोग नगर्न सक्नेछन्।***

1. विद्याथीहरूलाई झ्यालको नजिक एउटा सिटमा एकजना मात्र विद्यार्थी बस्न निर्देशन दिइन्छ। विद्यार्थीहरू बसमा सवार रहेको समयमा अनिवार्य रूपमा सिटमै र शान्त बस्नुपर्छ। विद्यार्थीहरूले यात्राको अवधिभरि अगाडितिर फर्केर बस्नेछन् र आफ्नो खुट्टाहरूलाई आफूभन्दा अगाडि फ्लोरमा र बसको आइल (छेउ-छेउका सिटहरू बीचको खाली ठाउँ) मा नआउनेगरी राख्नेछन्।
2. बसमा चढ्दाको समयमा विद्यार्थीहरू सुरुमा पछाडिबाट अगाडितिरको सिटमा बस्दै जानेछन् र बसबाट ओर्लिदा अगाडिबाट पछाडितिर गरेर बाहिर निक्लिनेछन्।
3. विद्यार्थीहरू आफ्नो तोकिएको बसस्टपबाट मात्र बसमा चढ्नेछन् वा तोकिएको बसस्टपमा मात्र ओर्लिनेछन्।
4. विद्यार्थीहरूले तोकिएको सिटमा बस्न अस्वीकार गर्ने छैनन् वा अर्को व्यक्तिलाई तोकिएको सिटमा बस्न दिन अस्वीकार गर्न पाउने छैनन्। यी सिटहरूलाई भौतिक दुरीका लागि निर्दिष्ट गरिएका हुन् र बसमा चढ्ने क्रम अनुसार तोकिएका हुन्छन्। विद्यार्थीहरूले पछाडिबाट अगाडितिर सिटमा बस्नुपर्नेछ।
5. विद्यार्थीको मौजुदा स्वास्थ्य समस्याको कारणले गर्दा सुरक्षित रूपमा मास्क लगाउन नसक्ने अवस्था नहुँदासम्म विद्यार्थीहरूले अनिवार्य रूपमा हरसमय मास्कहरू लगाउनुपर्छ।
6. विद्यार्थीहरूले यस अवस्थामा पनि बसहरूसँग सम्बन्धित विद्यार्थी आचारसंहितालाई पालना गर्न आवश्यक पर्नेछ।

## COVID-19 सँग सम्बन्धित स्कुल बसमा गलत आचरणका लागि प्रगतिशील अनुशासनात्मक परिणामहरू

1. बसमा आचरणको रिपोर्ट तयार गरेर प्रिन्सिपलसमक्ष पठाइनेछ। प्रिन्सिपलले विद्यार्थीलाई सचेत गराउनुहुनेछ र सो रिपोर्टको एक प्रति विद्यार्थीको अभिभावक(हरू) वा संरक्षक(हरू) लाई पठाउनुहुनेछ।
2. बसमा आचरणको रिपोर्ट तयार गरेर प्रिन्सिपलसमक्ष पठाइनेछ। विद्यार्थीलाई बसको अगाडितिरको सिटमा सारिनेछ। प्रिन्सिपलले विद्यार्थीलाई सचेत गराउनुहुनेछ र सो रिपोर्टको एक प्रति विद्यार्थीको अभिभावक(हरू) वा संरक्षक(हरू) लाई पठाउनुहुनेछ।
3. बसमा आचरणको रिपोर्ट तयार गरेर प्रिन्सिपलसमक्ष पठाइनेछ। विद्यार्थीलाई पाँच (5) दिनका लागि बसको सुविधाहरू उपयोग गर्नबाट रोकिनेछ। प्रिन्सिपलले विद्यार्थीको अभिभावक(हरू) र संरक्षक(हरू) लाई सूचित गर्नुहुनेछ।
4. बसमा आचरणको रिपोर्ट तयार गरेर प्रिन्सिपलसमक्ष पठाइनेछ। विद्यार्थीलाई दश (10) दिनका लागि बसको सुविधाहरू उपयोग गर्नबाट रोकिनेछ। प्रिन्सिपलले विद्यार्थीको अभिभावक(हरू) र संरक्षक(हरू) लाई सूचित गर्नुहुनेछ।
5. बसमा आचरणको रिपोर्ट तयार गरेर प्रिन्सिपलसमक्ष पठाइनेछ। विद्यार्थीलाई शैक्षिक वर्षको बाँकी रहेको अवधिभरि वा उपयुक्त ठानिने जुनसुकै समयावधिका लागि बसको सुविधाहरू उपयोग गर्नबाट रोकिनेछ। प्रिन्सिपलले विद्यार्थीको अभिभावक(हरू) र संरक्षक(हरू) लाई सूचित गर्नुहुनेछ।

**** यदि विद्यार्थीले बसका सुविधाहरूलाई गुमाएमा अभिभावक(हरू) वा संरक्षक(हरू) ले आफ्नो विद्यार्थीलाई स्कुल ल्याउन-लैजान सक्नुहुन्छ वा आफ्नो विद्यार्थीलाई भर्चुअल सिकाइमा भर्ना गराउन सक्नुहुन्छ।***

**** कठिनाइ अनुभव गरिरहेका विशेष शिक्षा र प्रारम्भिक सहयोगात्मक (इन्टरभेन्सन) सेवाका विद्यार्थीहरूलाई व्यवहारसम्बन्धी योजना निर्माणका लागि उपयुक्त कार्यक्रम (PSE) कर्मचारीसमक्ष रेफर गरिनेछ।***

तलको मेरो हस्ताक्षरले अभिभावक/संरक्षकको रूपमा मैले बससम्बन्धी प्रक्रियाहरूलाई बुझेको/बुझेकी छुँ र तिनीहरूका बारेमा मेरो बच्चासँग छलफल गरेको/गरेकी छुँ र परिणामहरूका बारेमा अवगत छुँ भनेर स्पष्ट पार्छु। (कृपया तल हस्ताक्षर गर्नुहोस्।)

______________________________ ______________

अभिभावक/संरक्षकको हस्ताक्षर मिति

विद्यार्थीको नाम______________________________

स्कुल______________________________


**Megan Patton**
**प्युपल ट्रान्सपोर्टेसन निर्देशक**

3117 Centre Ave.
Room 366
Pittsburgh, PA 15219

mpatton1@pghschools.org
फोन: 412-529-5947
फ्याक्स: 412-622-5935

अभिभावक हटलाइन:
412-529-HELP (4357)
www.pghschools.org
www.discoverpps.org



पिट्सबर्ग पब्लिक स्कुल्स (Pittsburgh Public Schools, PPS) ले आफ्ना कार्यक्रम, क्रियाकलाप वा रोजगारीहरूमा जाति, वर्ण, राष्ट्रिय मूल, लिङ्ग, अपाङ्गता वा उमेरका आधारमा भेदभाव गर्दैन र बोयज स्काउट्स तथा अन्य तोकिएका युवा समूहहरूलाई समान पहुँच उपलब्ध गराउँछ। सोधपुछहरूका लागि Student Support Service Title IX Coordinator वा Section 504/ADA Title II Coordinator लाई 341 S. Bellefield Avenue, Pittsburgh, PA 15213 वा 412.529.HELP (4357) मा सम्पर्क गर्न सकिन्छ।